मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : २७२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ २ गते बिहीवार (Thursday, August 18. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## रोमानिया पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं, भदौ १।** रोमानिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित प्रेस्टिज एचआर म्यानपावर प्रालिका सञ्चालक काठमाडौं बानेश्वर बस्ने रूपन्देही सैनामैना नगरपालिका-९ घर भएका ३९ वर्षीय छविलाल भट्टराईलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

भट्टराईले कही व्यक्तिहरूलाई वैदेशिक रोजगारीको लागि रोमानियाको प्रतिष्ठित कम्पनीमा आकर्षक जागिर लगाइदिने प्रलोभनमा पारी रकम लिई गरी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं मिनभवनबाट पक्राउ गरेको हो ।

# बिर्तामोडको बेरुजु ३३ करोड

- मृतकको नाममा पनि भत्ता
- जनप्रतिनिधिको अनुगमन भत्ता मात्रै ९ लाखभन्दामाथि बेरुजु
- अस्थायी दरबन्दी सृजना गरी दुई करोडभन्दा बढी भुक्तानी




**झापा, भदौ १।** बिर्तामोड नगरपालिकाको बेरुजु रकम ३३ करोड २८ लाख १८ हजार पुगेको छ । यो हालसम्मको अद्यावधिक बेरुजु रकम हो ।

महालेखा परीक्षकको कार्यालय, प्रादेशिक लेखा परीक्षण महानिर्देशनालय प्रदेश नम्बर १ले बिर्तामोड नगरपालिकाको लेखा परीक्षण गर्दा उक्त रकम बेरुजु पाइएको हो । नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८को बित्तीय बिबरण र अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखा परीक्षण गरिएको थियो । गत असार २० गते महानिर्देशनालयले बिर्तामोड नगरपालिकालाई बुझाएको लेखा परीक्षण प्रतिवेदनमा यति ठूलो रकम बेरुजु भएको खुलेको हो ।

नगरपालिकाको गत वर्षको १५ करोड १६ लाख २७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवम् यो वर्ष कायम भएको बेरुजु समेत जोडेर कूल बेरुजुको अंक ३३ करोड २८ लाख पुगेको नायव महालेखा परीक्षक पद्मप्रसाद आचार्यले जनाएका छन् ।

पछिल्लो वर्षको बाँकी बेरुजु १८ करोड ११ लाख ९१ हजार कायम भएकोमा असुल गर्नुपर्ने २ करोड ७ साल ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने ९ करोड ५२ लाख ८९, नियमित गर्नुपर्ने ५ करोड ५९ लाख ६१ हजार र पेश्की ९२ लाख ५२ हजार रहेको छ ।

नगरपालिकाको लेखा परीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुरुप नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, बितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखा परीक्षणमा प्रतिवेदनमा उल्लेख छ ।

आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकाले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी नखुलाएको बताइएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय बिबरण तयार गर्ने तथा जालसाझी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको बित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेको बताइएको छ ।

त्यसैगरी बिर्तामोड नगरपालिकाले विभिन्न पदमा एक सय ६७ जना कर्मचारीहरु करारमा राखी चार करोड १४ लाख ९० हजार आठ सय ६२ रुपैयाँ खर्च

*(बाँकी अन्तिम पृष्ठमा)*

## धारामा धमिलो पानीः प्रमुखलाई खुवाउन पुगे उपभोक्ता

**पार्थ मण्डल**

**झापा, भदौ १।** नेपाल खानेपानी संस्थान भद्रपुरले दूषित पानी वितरण गरेको भन्दै उपभोक्ताहरू संस्थानको कार्यालयमा डेलिगेशन गएका छन् ।

आक्रोशित बनेका उपभोक्ताहरू मंगलबार बिहान १० बजे धाराबाट निस्किएको दूषित पानी बोतलमा हालेर संस्थानको कार्यालयमा डेलिगेशन गएको स्थानीय उपभोक्ता राजन पौडेलले जानकारी दिए ।

संस्थानले सोमबार बेलुका ६ बजे फोहोर, धमिलो र लेदो मिसावट जस्तो पानी वितरण गरेको थियो । संस्थानले कुनै पनि अग्रिम सूचना जारी नगरी पिउन अयोग्य फोहोर पानी धारामा आउन थालेपछि स्थानीय उपभोक्ता आक्रोशित बनेका थिए ।

'धारामा आएको दूषित पानी

*(बाँकी अन्तिम पृष्ठमा)*

## घर तथा फ्ल्याट भाडामा



बिर्तामोडस्थित भगवान चौकमा रहेको **दुर्गा कम्प्लेक्स**मा बैंक, हस्पिटल, इन्स्योरेन्स कम्पनी, होटल लगायत व्यवसायिक प्रयोजनमा प्रयोग गर्न अति उपयुक्त आठ तले घरको सम्पूर्ण तलाहरु भाडामा छ । भाडामा लिन चाहने महानुभावले तलको सम्पर्क नम्बरमा फोन गर्नुहुन अनुरोध छ ।

**सुविधा र विशेषताहरु :**

१) ४० वटा गाडी र १०० वटा मोटरसाइकल पार्किङ गर्न सकिने अन्डरग्राउण्ड पार्किङ सुविधा ।
२) बाहिरी भागमा पनि प्रशस्त पार्किङ सुविधा ।
३) महेन्द्र हाइवेसँगै जोडिएको घर ।
४) लिफ्टको सुविधा भएको ।

**सम्पर्क :**
**९८५१०१३५८८, ९८०८७३०४९७, ९८०१०४३०३६**

## विश्वप्रकाश झापा १ बाट निर्वाचन लड्ने

**झापा, भदौ १।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले गृह जिल्ला झापाबाट नै निर्वाचन लड्ने घोषणा गरेका छन् ।

शर्माले बुधबार ट्वीट गर्दै काठमाडौं क्षेत्र नम्बर ५ बाट नभई झापा क्षेत्र नम्बर १ बाट आफू निर्वाचनमा उम्मेदवार बन्ने बताएका हुन् । उनले ट्वीटरमा लेखेका छन्- 'फेरि प्रस्ट्याउँ, वाग्मतीको किनारलाई श्रद्धापूर्वक ढोग्ने हो । तर मान्छे म मेची र निन्दा किनारकै हो । काठमाडौ ५ मा चुनाव प्रचारमा पुग्नेछु नै तर उम्मेदवार बन्न चाहँदा

*(बाँकी अन्तिम पृष्ठमा)*

## हार्दिक बधाई



राजवंशी समुदायका ऊर्जाशील तथा होनाहार युवा **अभय राजवंशी** राजवंशी समाज विकास समितिको केन्द्रीय अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा उहाँसहित सिंगो कार्य समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफल र रचनात्मक बनोस् भन्दै शुभकामना व्यक्त गर्दछु ।

**जीवन ताजपुरियाः** मेनेजर
**बृक्ष क्याफे**, कनकाई नगरपालिका-७, दुर्गापुर

## पेट्रोल पम्प बिक्रीमा

**सम्पर्कः ९८४२६७६४५२/९८१४०५५१८५**

## फ्ल्याट भाडामा




झापाको सुरुङ्गास्थित महेन्द्र हाइवेसँगै जोडिएको सिद्धार्थ बैंक बसेको कामक्ष भवनको दोस्रो र तेस्रो तला व्यवसायिक प्रयोजनका लागि अति उपयुक्त फ्ल्याटहरु भाडामा छ । भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क : ९८०१०४३०३६, ९८५१०१३५८८, ९८०८७३०४९७**

## बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५ झापाको कर्मचारी आवश्यकता

**विज्ञापन न. १/७९/८०** — **दोस्रोपटक प्रकाशन मितिः २०७९/०४/३१**
पदः **प्रबन्धक निर्देशक** — **सेवाः** करार
**आवश्यक संख्या :** १ — **उमेर :** २५ वर्ष पुरा भई ४० बर्ष ननाघेको ,
**शैक्षिक योग्यता :** वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण, साथै सहकारी वा वित्तीय क्षेत्रमा काम गरेको ।
**योग्यता :** कम्पुटर सम्बन्धि राम्रो ज्ञान भएको, मोटरसाइकल लाइसेन्स भएको ।
**आवश्यक कागजात :** शैक्षिक प्रमाण-पत्र, तालिम, अनुभव तथा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
**मासिक सुबिधा :** संस्थाको नियम अनुसार, ३ महिना करार अवधि रहने ।
**परीक्षा दस्तुर :** रु. ५००/- मात्र
**दरखास्त दिने अन्तिम मिति :** २०७९/०५ ।१५ गतेसम्म

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## Vacancy announcement

**Pathivara Steel Industries Pvt. Ltd.** seeking dynamic, hardworking and energetic candidates for the following positions:

| Positions | Req Nos. | Qualification |
|---|---|---|
| 1. Senior accountant **BBS** or equivalent | 2 | More than 3 To 5 years experience in related field |

***Salary and benefits will be Attractive.*** *Interested candidates can apply within 5days with CV through the mail given below.*
***pathivarasteelindustries@gmail.com***
***023-546094***

**Little Flowers' English SChool**
Birtamode-4, Jhapa

*"Celebrating 40 years of Excellence"*

**Admission Opens**
**For Grade XI**
**Science & Management**

*"Your Dream Our Passion"*



+977-23-530767 https://www.lfes.edu.np

Date of Publication: - 17th August 2022

## Notice for "Expression of Interest (EOI)"

CARITAS Nepal, Regional Office, Damak is looking for experienced and highly motivated specialist to conduct training/orientation/workshop to the Community People/Students/Youths/ Local Government/CSO Representatives in the following areas.

- Workshop on Pre-Departure and Post Arrival training to migrant workers
- Orientation and Psychosocial Counseling support
- Training on Life Coping Skills & Motivation
- Training on Livelihood- Small enterprises
- Technical training on livestock management (Goat, piggery, poultry, fish, cow etc.)
- Training on Business Plan Development and Financial Literacy including value chain and remittance management
- Orientation/workshop on safe migration and anti-human trafficking including local job creation and social entrepreneurship
- Motivational speakers targeted to school students/youths/community people
- Training/workshops on child rights, child protection and child labor issues
- Workshop on Early Childhood develop

Experts with relevant experience who are available for short-term assignments are requested to submit their CV/profile along with a cover letter to Caritas. Suitable candidates will be contacted as per need. Activities will be conducted in Jhapa, Ilam and Morang Districts.

Further information can be obtained from the **CARITAS Nepal** Regional Office, Damak – 06, Jhapa.
Contact: Phone No: 023 - 583608/583609
E-mail : saroj@caritas.org.np, surajchhetri@caritas.org.np

**Note: Last date of submission "EOI" is by 31st August 2022**

# डी कौडिन्य पत्रकारिता पुरस्कार वितरण



**झापा, भदौ १।** डी कौडिन्य पत्रकारिता पुरस्कार झापाका तीन जना पत्रकारलाई प्रदान गरिएको छ ।

बिर्तामोडमा बुधवार आयोजित कार्यक्रमकाबीच पूर्वसूचना तथा सञ्चारमन्त्री तथा सांसद राम कार्की पार्थ र प्रदेश सरकारका कृषिमन्त्री झलकसिंह दर्लामी मगरले नगद २१ हजार पुरस्कार राशिसहितको तीन वटा पुरस्कार एकैसाथ प्रदान गरेका थिए ।

प्रेस सेन्टर झापाद्वारा स्थापति सो पुरस्कार मध्ये २०७७ सालको पुरस्कार पत्रकार जीएन शर्मा र २०७८ सालको राजु पाठकलाई प्रदान गरिएको थियो भने २०७९ सालको पत्रकार लीलाराज झापालीलाई प्रदान गरियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले समाज परिवर्तनका लागि कलम चलाएकै भरमा राज्यद्वारा डी कौडिन्य जस्ता पत्रकारको हत्या गरिएको भन्दै अझै पनि समाज परिवर्तनका लागि मिसन पत्रकारिता जरुरी रहेको बताएका थिए । त्यस्तै प्रदेश कृषिमन्त्री झलकसिंह दर्लामीले डी कौडिन्यले बगाएको रगतबाट मात्रै यो परिवर्तन सम्भव भएको बताए ।

कार्यक्रममा प्रेस सेन्टरका केन्द्रीय अध्यक्ष विष्णु सापकोटा जुगल, पत्रकार महासंघ प्रदेशका महासचिव विवेक गौतम, कोषाध्यक्ष बिमल लामिछाने, जिल्ला उपाध्यक्ष केशव भट्टराई माओवादी केन्द्र झापाका संयोजक अग्नि, पत्रकार डी कौडिन्यकी धर्मपत्नी यमुना आचार्य, सम्मानित पत्रकार जीएन शर्मा लगायतले मन्तव्य राखेका थिए ।

जनपक्षीय पत्रकार देवकुमार आचार्य डी कौडिन्यलाई मिति २०५९ साल साउन ७ गते झापामा तत्कालीन शाही नेपाली सेनाद्वारा हत्या गरिएको थियो । उनको नामबाट हरेक बर्ष एकजना पत्रकारलाई सम्मान गर्दै आएको छ। कार्यक्रम उद्धव पुरीको सञ्चालन तथा प्रेस सेन्टरका अध्यक्ष झुलन रेग्मीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा स्वागत उपाध्यक्ष पार्थ मण्डलले गरेका थिए ।

# भन्सारबाट निस्किएको ट्रक प्रहरीको नियन्त्रणमा

**झापा, भदौ १।** मेची भन्सार कार्यालय काँकरभिट्टाबाट निस्किएको दुई वटा फुलबडी ट्रक सशस्त्र प्रहरीले बिर्तामोडबाट नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापा र सशस्त्र प्रहरी बेस क्याम्प शनिश्चरेको संयुक्त टोलीले लत्ताकपडासहित अन्य सरसामान लोड भएको ट्रक नियन्त्रणमा लिएको हो । राजश्व अनुसन्धान विभागको आदेश र सशस्त्र प्रहरी बल नेपालले सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बाहिनी मुख्यालय सुनसरीलाई निर्देशन दिएपछि झापाको टोलीले मंगलवार राति साढे ८ बजे बिर्तामोड-५ स्थित पाथीभरा टोल नजिकै सटर भएको खाली गोदाममा सरसामान अनलोड गरिरहेको अवस्थामा ना४ख २०८५ र प्र-१०१-००१-ख ३५७७ नम्बरको फुलबडी दुई वटा ट्रक नियन्त्रणमा लिएको हो ।

हेड क्वाटरको आदेशमा दुई वटा ट्रक नियन्त्रणमा लिएको बताउँदै सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बाहिनी मुख्यालय सुनसरीका डीआइजी कमल गिरीले भने- 'सामानसहित भन्सार तिरेको प्रज्ञापन-पत्र चालकसँग भेटियो, माथिबाटै निर्देशन आएकोले नियन्त्रणमा लिएको दुई वटै ट्रक राजश्व अनुसन्धान विभाग पठाइसकेका छौँ ।' 'सशस्त्रले नियन्त्रणमा मात्र लियो, ट्रकसहितको सरसामानको थप अनुसन्धान राजश्व अनुसन्धान विभागले गर्छ, अहिले अरू केही भन्न मिल्दैन'- उनले भने ।

यता कर्मचारी स्रोतका अनुसार मेची भन्सार कार्यालयमा कर्मचारीको सेटिङमा व्यापक राजश्व चुहावट भई ट्रकका ट्रक सरसामान गइरहेको सूचना राजश्व अनुसन्धान विभागमा प्राप्त भयो । विभागले तत्काल यसतर्फ एक्सन लियो । विभागले ७देखि १० वटा ट्रकले राजश्व छलेको सूचना पायो । सोमबार मेची भन्सार कार्यालयबाट निस्किएको ५ वटा ट्रकमध्ये तीन वटा ट्रक सशस्त्र प्रहरीले मधेश प्रदेशबाट नियन्त्रणमा लिएको छ । दुई वटा ट्रकको खोजी जारी छ ।

मङ्गलवार बेलुका साढे ७ बजे मेची भन्सारबाट निस्किएको दुई वटा ट्रक पनि त्यही सूचनाको आधारमा सशस्त्रले नियन्त्रणमा लिएको स्रोतको भनाइ छ। हेड क्वाटरबाट आदेश आएसँगै दिउँसोदेखि नै मेची भन्सार आसपास सादा पोशाकमा सशस्त्र प्रहरी परिचालन गरिएको थियो । ट्रक निस्किएपछि बाटोमा कतै रोक्ने आधार सशस्त्रलाई भएन । अदालतको आदेशपछि जोर सिमल चेकपोष्ट नहुँदा सशस्त्रलाई थप समस्या नै भयो ।

त्यसपछि सशस्त्रले ट्रकमाथि निगरानी राखेर बिर्तामोडमा सरसामान झार्दै गरेको अवस्थामा नियन्त्रणमा लियो । स्रोतले भन्यो- 'चालकसँग प्रज्ञापन-पत्र भेटियो, दुई वटा ट्रकको एउटै प्रज्ञापन-पत्र, एउटै एजेन्टले बनाएको रहेछ ।' 'ट्रकको सामान अनुसार प्रज्ञापन-पत्र हेर्दा २० प्रतिशत पनि राजश्व तिरेको देखिँदैन, यसमा ठूलो राजश्व चुहावट भएको आशंका गरिएको छ'- उनले थपे ।

यसभन्दा अघि पनि भएका छन् । सशस्त्रले मेची भन्सारबाटै निस्किएको तीन वटा पिक अप गाडी नक्कली प्रज्ञापन-पत्रसहित नियन्त्रणमा लिएको थियो । गत जेठ २२ गते राति १२ बजे मेची भन्सारभित्रै पार्किङ शुल्क समेत तिरेर भन्सारकै गेटबाट जाँच पास भई निस्किएका रक्तचन्दनको बिरुवा र आलु बोकेका तीन वटा भारतीय मालवाहक ट्रक सशस्त्रले जोरसिमल चेक पोष्टमा नियन्त्रणमा लिएको थियो ।

लालीगुँरास फर्मले प्रज्ञापन पत्र नक्कली बनाएर कर छली गर्ने खोजेको आशङ्कामा सशस्त्रले डब्लुबी३७ वि ७३८३, एनएल ०१जी ९९५२ र डब्लुबी १९ जे ७९२० ट्रकहरू नियन्त्रणमा लिएर राजश्व अनुसन्धान कार्यालय इटहरी बुझायो । राजश्वले सामानको प्रज्ञापन पत्र नक्कली भएको पुष्टि गरेपछि घटना सतहमा आएको हो ।

# इनरह्वील बिर्तामोडमा सम्झना



**बिर्तामोड, भदौ १।** इनरह्वील क्लब अफ विर्तामोड मिडटाउनको चौथो पद हस्तान्तरण गरिएको छ । सन् २०२२/२०२३ को जुलाई १ तारिकदेखि कार्यभार सम्हालेकी इनरह्वील क्लब अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट सम्झना भण्डारीले बिर्तामोडमा आयोजित कार्यक्रमका बीच एक बर्षका लागि पदभार ग्रहण गरेकी हुन् ।

इनरह्वील क्लब अफ विर्तामोड मिडटाउकी प्रेसिडेन्ट भण्डारीको अध्यक्षता तथा इनरह्वील डिस्ट्रिक चेयरमेन सीमा झाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा इनरह्वील क्लब अफ विर्तामोड मिडटाउनकी चाटर्ड प्रेसिडेन्ट भूमिका पोखरेलले स्वागत गरेकी थिइन् । कार्यक्रममा इनरह्वील क्लब अफ बिर्तामोड मिडटाउनकी सन् २०२१/०२२ की प्रेसिडेन्ट जमुना भुषाल शर्माले आफ्नो कार्यकालमा इनरह्वील क्लबले गरेका कार्यहरुको बारेमा जानकारी गराएकी थिइन् ।

कार्यक्रममा इनरह्वील डिस्ट्रीक चेयरमेन झाले सन् २०२२/२०२३की इनरह्वील क्लब अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट भण्डारीलाई रोटरीको कलर पहिऱ्याएर पद तथा गोपनीयताको सपथ गराएकी थिइन् ।

सन् २०२१/०२२की प्रेसिडेन्ट जमुना भुषाल शर्माले ग्यावल गन प्रदान गर्दै पद हस्तान्तरण गरेकी थिइन् । त्यस्तै उनलाई चाटर्ड प्रेसिडेन्ट भूमिका पोखरेलले चाटर्ड सर्टिफिकेट प्रदान गरेकी थिइन् । प्रेसिडेन्ट भण्डारीको बायोडाटा ट्रेजरर रिजु क्षेत्री पाण्डेले वाचन गरेकी थिइन् ।

इनरह्वील क्लब अफ विर्तामोड मिडटाउनकी आइएसओ लुना वस्नेतले इनरह्वील प्रेयर वाचन र इडिटर कमला पौडेलले धन्यबाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सेक्रेटरी जुनु विमली उप्रेतीले गरेकी थिइन् ।

# अष्ट्रेलियामा प्रदेश सभापति थापा सम्मानित

**झापा, भदौ १।** नेपाली कांग्रेसका झापा जिल्ला पूर्व सभापति एवम् प्रदेश १ सभापति उद्धव थापाले सिप र ज्ञान लिएर नेपाल फर्कन झापाली लगायत सबै नेपालीहरुलाई आव्हान गरेका छन् ।

प्रवासमा बस्ने नेपालीहरुले नेपालमा लगानी मात्र गरेर समृद्ध नेपाल बन्न सक्दैन भन्दै उनले बिदेशिएको दक्ष जनशक्ति र बिदेशमा आर्जन गरेको सिप र शिक्षा लिएर नेपाल फर्कन अनुरोध गरे । छोटो अष्ट्रेलिया बसाईका क्रममा अवलोकन गर्दा नेपालीहरुको प्रगति, उन्नति र राजनीतिक पहुँचप्रति आफू अत्यन्तै खुशी भएको थापाले बताए । उनले जहाँ रहे पनि हामी नेपालीले नेपाली भाषा बिर्सन नहुने बिषयमा सबैलाई ध्यानाकर्षण गराए । झापाली समाज अष्ट्रेलियाले थापाको सम्मानमा सिडनी शहरमा राखेको एक सध्याकालीन कार्यक्रममा बोल्दै उनले त्यस्तो बताएका हुन् ।

समाजका अध्यक्ष निरञ्जन प्रसाईको अध्यक्षतामा आयोजित कार्यक्रममा संस्थापक अध्यक्ष एवम् संरक्षक दिनेश पोखरेल, संरक्षक भवानी ओली, दीपक चुडाल, उमेश पोखरेल, संस्थापक सदस्य एवम् जनसम्पर्क समिति अष्ट्रेलियाका पूर्वअध्यक्ष कृष्ण गिरी, सन्तोष सिटौला अझासका भुतपूर्व महासचिव रूपराज मैनाली, भूपाल सिटौला, सचिव अजय राजवंशी, तीर्थ खतिवडा, काठमाण्डौ प्रदेश १ नेका सम्पर्क समितिका अध्यक्ष निर्मल रिजाल लगायत झापाली समाज अष्ट्रेलियाका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।



जिल्लाका नेताहरुलाई आफनो कर्मथलो अष्ट्रेलियामा स्वागत गर्न पाउनु एउटा गर्विलो अवसर भएको उपाध्यक्ष निरज खतिवडाले बताए । अधिकांश वक्ताहरूले झापाली समाज अष्ट्रेलियाले हिजोका दिन जस्तै भोलिका दिनहरुमा पनि झापाको बिकासमा सहकार्य र सहयोगी भूमिका निभाउने र राजनीतिक दल एवम् जिल्लाका नेताहरुको स्थानीयस्तरमा आपसी सद्भावको अपेक्षा राखेको महासचिव तीर्थ कार्कीले बताए । भ्रमणमा रहेका अतिथि थापा र रिजाललाई झापाली समाज अष्ट्रेलियाको तर्फबाट दिनेश पोखरेल, भवानी ओली, उमेश पोखरेल र निरञ्जन प्रसाईले खादा र मायाको चिनोले सम्मान समेत गरेका थिए ।


## चारित्रिक प्रमाणपत्र हरायो

झापा गाउँपालिकाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०४/२० गते मेरो निम्न व्यहोराको चारित्रिक प्रमाणपत्र हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन् अनुरोध गर्दछु ।

**नाम**:- डा. मुकेशकुमार शाह
**कलेज**:- डेन्टल कलेज एण्ड हस्पिटल सोह्रखुट्टे, काठमाडौं
**रजिष्ट्रेशन नं.** :- ४-३-३७४-५६-२०१८
**सम्पर्क**:- ९८०४९१८५६७


## बिर्तामोडको ...

लेखेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र, कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।

त्यस्तै गरी सोही ऐनको २०७४ दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था रहेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको कार्यक्रम अधिकृत १, इञ्जिनियर १, अ. सवइञ्जिनियर ५, जम्दार १, फायरमेन ४, उजुरी प्रशासक १, जनसम्पर्क अधिकृत १, अधिवक्ता १, पुजारी ४, सहायक कम्प्युटर अपरेटर १८, अनमी २, खानेपानी विद्युत् सहायक १, कृषि विकास अधिकृत १, मेकानिकल सहायक १, शिक्षा स्रोत व्यक्ति १, पशु प्राविधिक २, ना.प्र.स. १, ल्याव टेक्निसियन २, दोभासे १, मुखिया २, खरिदार १, अनमी ६, अहेव ७, नगर निरीक्षक ४, सामाजिक सुरक्षा विशेषज्ञ १ समेत ६९ जना करार नियुक्ति गरी वर्षभरिमा दुई करोड ४६ लाख एक हजार सात सय ९२ रुपैयाँ भुक्तानी गरेको अनियमित देखिएको प्रतिवेदनमा उल्लेख छ । श्रोतका अनुसार यी सबै कर्मचारी जनप्रतिनिधि र कर्मचारीका नातेदार तथा आफन्त हुन् ।

यता नगरपालिका प्रमुखसहितका पदाधिकारीले नगरको अनुगमनका क्रममा लिएको भत्ता नै बेरुजु देखिएको छ । गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५को अनुसूची १ (ख)मा नगरपालिकाका प्रमुख र उपप्रमुखको भत्ता ११/११ हजार रुपैयाँ तथा वडाध्यक्षहरुको चार हजार पाँच सय र कार्यपालिका सदस्यको दुई हजार मासिक अनुगमन भत्ताको व्यवस्था रहेको छ । उक्त अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीहरुले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन वापतको भत्ता एकमुष्ठ लिएको पाइएको हो ।

यसरी अनुगमनका नाममा नगर प्रमुखसहितका पदाधिकारीहरुले लिएको भत्तामध्ये नौ लाख १८ हजार रुपैयाँ बेरुजु देखिएको हो ।

**मृतकका नाममा सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ताको दुरुपयोगका घटना सार्बजनिक भइरहेका बेला बिर्तामोड नगरपालिका पनि त्यसबाट अछुतो रहन सकेन । बिर्तामोड नगरपालिकाले समेत मृत्यु भएका व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता प्रदान गरेको खुलेको छ ।

मानिसको मृत्यु भएको ३५ दिनभित्रमा मृत्यु दर्ता गराउनु पर्ने प्रावधान छ । सोही प्रावधान अनुसार मृतकका परिवारले सम्बन्धित वडा कार्यालयमा गई मृत्यु दर्ता गराए पश्चात लगतकट्टा गरेर पनि १४ जना मृतकका नाममा दुई लाख ६ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता बापतको रकम बिर्तामोड नगरपालिकाले बितरण गरेको पाइएको हो ।

२०७७ मंसीर २६ गते सनबहादुर भुजेलको मृत्यु जनाई दोस्रो र तेस्रो चौमासिकको पूरै रकम भुक्तानी गरेको पाइएको छ । उनको नाममा २१ हजार रुपैयाँ वढी भुक्तानी देखिएको छ। सो रकम असुल गर्न महालेखाले नगरपालिकालाई निर्देशन दिएको छ ।

त्यस्तै २०७७ पुस ९ गते गगन राजवंशीको मृत्यु जनाई लगत कट्टा गरे पनि उनको नाममा दोस्रो र तेस्रो चौमासिकको पुरै रकम निकासा गरेको पाइएको छ। उनको नाममा १८ हजार रुपैयाँ बढी निकासा भएको बताइएको छ ।

२०७७ मंसीर १७ गते नरबहादुर लिम्बूको मृत्यु जनाई ९ हजार रुपैयाँ निकासा भएको छ । त्यस्तै २०७७ वैशाख १५ गते मृत्यु जनाई लगत कट्टा गरिएका पदम थापाको नाममा २४ हजार, सोही वर्षको जेठ १६ गते मृत्यु जनाई लगतकट्टा गरिएका बुधसिंह राजवंशीका नाममा १२ हजार, २०७७ असार ३० गते दोहोरो दर्ता जनाई लगत कट्टा गरिएकी चित्रकला पौडेलको नाममा ३ हजार, २०७८ असार ३१ गते पेन्सनर जनाई माया देउजाको नाममा २४ हजार रुपैयाँ बढी भुक्तानी दिइएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै २०७८ जेठ २५ गते मृत्यु जनाउँदै लगतकट्टा गरेको श्रीकृष्ण विश्वकर्माको नाममा २ हजार, २०७८ वैशाख २९ गते मृत्यु जनाई टिकमध्वज लिम्बूको नाममा ६ हजार, २०७८ जेठ २१ गते मृत्यु जनाई लगत कट्टा गरिएको गंगाप्रसाद विमलीको नाममा ३ हजार, बसाइँसराइ जनाई लगतकट्टा गरिसकिएको कौशिला मगर मास्केको नाममा ३६ हजार, २०७७ साल भदौ १४ गते मृत्यु जनाई लगतकट्टा गरेको केदारवहादुर वुढाथोकीको नाममा १८ हजार, २०७७ असोज २५ गते मृत्यु जनाई राममाया हलवाईको नाममा तीन हजार, २०७७ पुस ११ गते मृत्यु जनाई लगत कट्टा गरिएका कोल्ठू राजवंशीलाई ६ हजार, २०७७ माघ २० गते मृत्यु जनाई मैनो सोरेनका नाममा ३ हजार र मीना चौधरीका नाममा १८ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गरेको हो । चौधरीको २०७७ माघ २५ गते नै मृत्यु दर्ता जनाई लगतकट्टा गरिएको छ ।

यसरी नगरपालिकाले मृत्यु भएका, बसाइँसरी गएका र पेन्सनपट्टा लिइरहेका १४ जनालाई सामाजिक सुरक्षा भत्ता वापतको रकम दिएको हो । सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७ को बुँदा नम्वर ९मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ । साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाइरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरीत हुने गरी भत्ता लिएको पाइएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ ।

तर, महालेखाले नमूना छनौट गरी वडा नम्वर २ र वडा नम्वर ४का तीन वटा चौमासिक बिबरणमा बितरण भएको भुक्तानी प्रतिवेदन (रिसिभ फिड पेश नभएको) र पेश भएको लगतकट्टा बिबरणलाई आधारमानी परीक्षण गर्दा लाभग्राहीले पाउने रकमभन्दा बढी रकम भुक्तानी दिएकाले छानविन गरी सो रकम असुल गर्न बिर्तामोड नगरपालिकालाई निर्देशन दिएको छ ।

## धारामा ...

संस्थानका प्रमुखलाई खुवाउने भन्दै १०/१२ जना डेलिगेशन गएका थियौँ'- पौडेलले भने- 'तर कार्यालय प्रमुख विदा रहेछन्, त्यसपछि कर्मचारीलाई भेटेर दूषित पानीको बारेमा सचेत गरायौं, त्यो पानीको बोतल कार्यालयमै छाडेर आएका छौं ।'

'कार्यालय पुग्दा शुरुमा संस्थानका कर्मचारीहरूबाट कुनै गल्ती नै नगरेजस्तो गरी प्रस्तुत भए'- स्थानीय उपभोक्ता भोजराज पोखरेलले भने- 'बोतलको लेदो जस्तो पानी देखाएपछि बल्ल कर्मचारीहरूले गल्ती स्वीकारे ।' उनले भने- 'सोमबार बेलुका दूषित पानी आएको घरको मान्छेले थाह नै पाएनन्, त्यही पानी हालेर पकाएको सब्जी फाल्नु पऱ्यो ।' संस्थानले हिजो मात्र नभई पटक-पटक नगरवासीलाई दूषित पानी वितरण गर्दै आएको उनको भनाइ छ ।

'कतै पानीको लाइन फुटे वा मर्मत गर्नु परे उपभोक्तालाई अग्रिम सूचना दिनु पर्दैन'- अर्का उपभोक्ता मदन बस्नेतले भने- 'यो त संस्थानको लापरबाही हो, उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड हो ।'

यता संस्थानका सूचना अधिकारी नारायण देवकोटाले हिजो बेलुका भद्रपुरका केही क्षेत्रमा दूषित पानी वितरण भएको स्वीकारे । उनका अनुसार आइतबार भद्रपुर-८ स्थित सगरमाथा चोकको कल्भर्टमुनि अज्ञात समूहले ४ इञ्चको खानेपानीको पाइप फुटाइदिएको रहेछ ।

त्यसबारेमा कसैलाई थाहा भएन । जब बेलुका पानी छाडियो, त्यसपछि त्यहाँका जनताले पाइप फुटेर पानी बग्न थाल्यो भन्दै संस्थानका कर्मचारीलाई जानकारी गराए । 'राति नै मर्मतको काम गर्न सकिँदैन'- उनले भने- 'सोमबार बिहानदेखि मर्मतको काम शुरु गरियो, पानी धेरै जम्मा भएकोले नगरपालिकाको जेसीभी मगाएर बेलुका ५ बजेसम्म काम सक्यौं ।'

त्यसपछि पानी छाड्दा घर-घरमा फोहोर पानी गएको बताउँदै उनले भने- 'पानी वितरणमा अहिलेसम्म यस्तो जटिल समस्या आएको थिएन, पुरानो पाइपमा खिया जमेकोले खियासहितको पानी धाराबाट निस्किएको हो ।'

फोहोर पानी आउने स्थानहरूको पहिचान गरी मंगलबार दिनभर कर्मचारी परिचालन गरी त्यस्ता ठाउँको पानी सफा गरिएको उनले बताए । 'उपभोक्तालाई अग्रिम सूचना नदिएको गल्ती भयो'- उनले भने- 'अबदेखि पाइप लाइन वा संस्थानभित्रै केही काम गर्नु पऱ्यो भने पहिला नै सूचना जारी गरी माइकिङ पनि गर्न लगाउँछौं ।' कार्यालय प्रमुख रामकुमार श्रेष्ठ साउन ८ गते हाजिर भई हाल काठमाडौं गएका रहेछन् ।

## विश्वप्रकाश ...

गठबन्धनका अर्का मित्रलाई सम्मान साथ साथमा लिएर, झापामै उम्मेदवार बन्नेछु । प्रेम उता घर जम यता कुरै हुन्न ।'

शर्मा २०७४ सालको निर्वाचनमा झापा क्षेत्र नम्बर १ मा नेकपा (माओवादी केन्द्र) का राम कार्कीसँग पराजित भएका थिए । कार्कीले ३६ हजार एक सय ७३ मत ल्याएको थिए भने शर्माले ३३ हजार तीन सय १० मत मात्रै पाएका थिए ।


## जन्मदिनको शुभकामना



आज भदौ २ गते हाम्रा सहकर्मी मित्र श्री कुमार श्रेष्ठज्यूको जन्मदिन परेको हुँदा उहाँलाई जन्मदिनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साथीहरु

कलिम मिया, अनुज रम्तेल, प्रज्ज्वल बराइली, महेन्द्र खड्का, सुजित राजवंशी, सुनिता श्रेष्ठ, विक्रम कार्की, विक्रम घिमिरे

सिप सिकौ रोजगार बनौ

## नि:शुल्क सिलाइकटाइ तालिम सम्बन्धी अन्यन्त जरुरी सूचना

गोपाल-गौरी दिगो विकास प्रतिष्ठानले सिप बिकास तालिम केन्द्र भद्रपुर झापाको आर्थिक सहयोगमा १५ जनालाई तीन महिने सिलाइकटाइ तालिम एकल महिला, आदिबासी, जनजाति, पिछडिएका महिला तथा पुरुष दुबैको पहिला सिप त्यसपछि रोजगारी दिने उद्देश्यले तालिमको आयोजना गरेको हुँदा शिवसताक्षी नगरपालिका वडा नम्बर ६ भित्रका १८ वर्ष पूरा भएर ४० वर्ष ननाघेको नेपाली नागरिक युवायुवतीले यही मिति २०७९ साल भदौ १४ गतेभित्रमा निम्न ठेगानामा आवेदन फारमभरि बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। आवेदन वडा कार्यालय र गोपाल-गौरी दिगो विकास प्रतिष्ठानको कार्यालयमा पाइने छ ।

**आवश्यक कागजात**
- नेपाली नागरिकताको प्रतिलिपि
- हालसालै खिचेको फोटो
- कक्षा ८ उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र
- तालिम लिएको भए सोको प्रमाण-पत्र
- तालिम हुने स्थान : शिवसताक्षी नगरपालिका वडा नम्बर ६ को शिवगञ्ज बजार
- फारम पाउने र बुझाउने स्थान : गोपाल-गौरी दिगो विकास प्रतिष्ठानको कार्यालय शिवसताक्षी नगरपालिका वडा नम्बर ११ झिलझिले झापा र शिवसताक्षी नपा वडा नम्बर ६ को वडा कार्यालय

**अन्तवार्ता हुने मिति** : २०७९ साल भदौ १५ गते ६ नम्बर वडा कार्यालय
**समय** : विहान ११ बजेदेखि ।

**तालिममा सहभागीमध्ये उत्कृष्टलाई रोजगारको व्यवस्था गरिएको छ ।**

आयोजक
**गोपाल गौरी दिगो विकास प्रतिष्ठान**
केन्द्रिय कार्यालय काठमाडौं महानगर पालिका वडा नम्बर ७ चावहिल
शाखा कार्यालय शिवसताक्षी नगरपालिका वडा नम्बर ११ झिलझिले झापा
फोन नम्बर ९८१४०३११३१ र ९८५२६७६६५७


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

### वन्यजन्तुमैत्री विकासको खाँचो

**भौतिक विकास र वन्यजन्तुको संरक्षण एकअर्काका परिपूरक हुन् । वन्यजन्तुलाई उपेक्षा गरेर गरिने विकासका कुनै पनि गतिविधिले अपेक्षित लाभ दिन सक्दैन् । त्यहीकारण जहाँ–जहाँ र जहिले–जहिले भौतिक विकास निर्माणको कुरा आउँछ त्यहाँ–त्यहाँ त्यसले पार्ने प्रभाव र असरको पूर्वानुमान तथा मूल्यांकन गर्ने गरिन्छ । त्यसो हुँदा अब गरिने कुनै पनि पूर्वाधार विकासका कार्यमा वन्यजन्तु र वातावरणीय पक्षको हित हुने अवस्थासहितको योजनाबद्ध कार्यक्रमसहित अघि बढ्नुको विकल्प छैन । वातावरणको संरक्षण प्रकृति, वन्यजन्तु लगायत सम्पूर्ण प्राणीको सन्तुलित उपस्थितिमा सम्भव हुन्छ । जैविक विविधता भनेकै पृथ्वीमा भएका सम्पूर्ण भौतिक, प्राकृतिक एवम् जैविक वस्तुको भिन्नता हो । यही भिन्नताले पृथ्वीको अस्तित्वको रक्षा हुन्छ र मानव जातिको पनि कल्याण हुन्छ ।**

**आज भौतिक विकासका नाममा प्रकृतिको विनाश मात्र भइरहेको छैन, प्राकृतिक वस्तुको दोहन गरेर विद्यमान सन्तुलन पनि खल्बल्याउने काम भइरहेको छ । यसकै परिणाममा मानव जातिले नै अनेक विपद् तथा क्षति व्यहोर्नु परिरहेको छ । विशेषगरी राजमार्ग, सिँचाई, ट्रान्समिसन लाइन तथा रेल मार्ग लगायतको विकास गर्ने भन्दै वनजंगल फँडानी गर्ने र वन्यजीवको बासस्थान टुक्र्याउने मात्र होइन तिनलाई निमिट्यान्न पार्ने काम गरिरहेका छौं । अन्ततः यस अविवेकपूर्ण कार्य र गतिविधिले हामी हाम्रो मात्र होइन आफ्ना सन्ततीहरुदेखि भविष्यलाई नै जोखिममा पुर्‍याइरहेका छौं । विगत केही वर्षदेखि मानव र वन्यजन्तुबीच द्वन्द्व बढिरहेको छ । त्यसको मूल कारण नै वन्यजन्तुको आश्रय तथा संरक्षण स्थलको विनाश हो । त्यही कारण अहिले संरक्षण र विकासमा सहकार्य गरी एकअर्कालाई जोखिम नहुनेगरी काम गर्नुपर्ने नीति बनाउन थालिएको छ ।**

**यही नीति अनुरुप पूर्व–पश्चिम महेन्द्र राजमार्गको स्तरोन्नति गर्दा जंगली जनावरको आवत–जावतलाई विशेष ध्यान दिन नयाँ योजना ल्याइएको छ । जसअनुसार जंगली हात्ती, बाँदर, बाघ, चितुवा, हरिण, मृग लगायतका जीवजन्तुको आवत–जावतमा अवरोध नहुनेगरी राजमार्गमा अण्डर पास र ओभर पाससहितको व्यवस्था गर्न लागिएको छ । क्षेत्रगत हिसाब र वन्यजन्तुको उपस्थितिका आधारमा स्तरोन्नति गर्न लागिएको काँकरभिट्टा–लौकही खण्डमा अण्डर पास र ओभर पास निर्माण गरिने भएको छ । त्यस्तै बाँदर प्रजाति लोप नहोस्, दुर्घटनामा परेर वातावरणीय असन्तुलन नहोस् भनेर क्यालिपी ब्रिज बनाइने भएको छ । त्यस्तै कछुवाको संरक्षण गर्न सडक क्षेत्रमा अण्डरपास टनेल बनाइने भएको वातावरण विज्ञ राजन श्रेष्ठले जानकारी दिएका छन् । अब हुन लागेको सडकको स्तरोन्नतिमा क्षेत्रफलसँगै विविध प्रजातिका जीवजन्तुको संरक्षणमा ध्यान दिँदै वातावरणीय सुरक्षालाई पनि विकास निर्माणसँग जोडिने भएको छ । यसले पृथ्वीको सुरक्षा, वातावरणको सन्तुलनसँगै सम्पूर्ण मानव जातिको समेत रक्षा हुनेछ । त्यसैले यस अभियानमा सम्बद्ध सबै पक्षले इमान्दार सहभागिता र अग्रसरता देखाउनु पर्दछ ।**

# उद्देश्य र गन्तव्य एउटै भएपछि दलका नाम चाहिँ किन फरक ?



**बबिता बस्नेत**

२०७४ सालको संसदीय निर्वाचनमा नेपाली जनताको चाहना र आशा थियो- 'कुनै राजनीतिक दलको बहुमत आओस्, स्थिर सरकार बनोस्, घोषणापत्रमा उल्लेख भए अनुसारका कामहरू हुन र मुलुक राजनीतिक अस्थिरताबाट स्थायित्वतिर अघि बढोस् ।' विगतमा कम्तिमा यस्ता चाहना राख्न र सपना देख्नसम्म पाइन्थ्यो । तर, यही २०७९ साल मंसीरमा हुने निर्वाचनलाई लिएर जनताले यस प्रकारको सपना देख्न नपाउने भएका छन् । विचार, सिद्धान्त र दर्शनको राजनीतिबाट अलग भएर हाम्रो देशका राजनीतिक दलहरूले सत्ताका लागि मात्रै राजनीति गर्न थालेपछि मुलुकमा अब राम्रो हुन्छ भन्ने सम्भावना कम भएको हो ।

राजनीतिक दलका समर्थक र कार्यकर्तालाई विगतमा कम्तिमा आफूले चाहेको राजनीतिक दल रोज्ने स्वतन्त्रता थियो । तर, समयक्रममा आफ्नो दलको चुनाव चिन्हमा भोट हाल्न पाउने अधिकार पनि रहेन । विगतमा राजनीतिकर्मीहरू एउटा निष्ठाको राजनीति गर्थे । राजनीतिको अर्थ नीति बनाउनु हो, यस्तो नीति जसले जनताको जीवनमा सकरात्मक परिवर्तन ल्याओस् । राजनीति व्यवसाय होइन 'भिजन' हो । जसले मुलुक र जनतालाई दूरगामी प्रभाव पार्न सक्छ । तर, हामी कहाँ राजनीति गर्नुको एकमात्र उद्देश्य सत्ता हो भन्ने बुझाइ र अभ्यास भइरहेको छ । जसका लागि मूल्य, मान्यता, आदर्श, निष्ठा जस्ता कुराहरू गौण बन्न पुगेका छन् । सत्तामा पुग्नका लागि निर्वाचनमा जसले जोसँग पनि गठबन्धन गर्ने मानसिकता र अभ्यासमा दलका नेताहरू छन् ।

गठबन्धनको अर्थ हुन्छ- 'कुनै काम कुराका लागि एक भएर मिल्ने काम, परस्परको मिलेमतो, कुनै स्वार्थसिद्धिका लागि गरिने आपसी साँठगाँठ ।' अहिले नेपालको राजनीतिमा गठबन्धन व्यापक चर्चाको विषय मात्र नभई अभ्यास बनिरहेको छ । प्रायः एकर्काका विरोधी भूमिकामा देखापर्ने दलका नेताहरू परस्परको मिलेमतोमा जुटेका छन् । मुलुकको भविष्य कस्तो बनाउने, जनताका आवश्यकता पूरा गर्न, जीवन सहज बनाउनका लागि कस्तो नीति कार्यान्वयनमा ल्याउने भन्ने ठूलो उत्तरदायित्व बहन गर्ने व्यक्ति राजनीतिकर्मी हो । तर, हामी कहाँ राजनीतिकर्मी हुनुको अर्थ सत्तामा पुग्नु मात्रै हो भने जस्तो गरी गठबन्धन गरिँदैछ । सत्ता मुलुक र जनताका लागि निःस्वार्थ रूपले काम गर्ने स्थान हुनुपर्नेमा व्यक्तिगत आम्दानीको स्रोत हुने गरेका कारण सत्ता प्राप्तिका लागि जे पनि गर्न सक्ने अवस्थामा नेतृत्वमा रहेकाहरू देखिएका छन् ।

कुन दलले कहाँबाट उठ्ने ? गठबन्धनका बीच दल र त्यहाँ चुनाव लड्ने व्यक्तिको चर्चा शुरु भएको छ । यस्तो लाग्छ- राजनीतिक दलका अध्यक्षहरू नेता नभएर ठेकेदार हुन् । जसलाई आफ्ना कार्यकर्ताको आस्था र भावनासँग कुनै मतलव छैन । आफ्नो दललाई पन्छाएर कुन दलका उम्मेदवारलाई भोट हाल्ने भनी निर्देशन दिन नेताहरू तम्तयार छन् । पार्टीलाइन उल्लङ्घन गरे कारवाही गरिनेछ भन्ने धम्कीको भाषा उम्मेदवारको टुङ्गो लागेपछि आउने नै छ । प्रजातन्त्रको बारेमा पटक-पटक अभिव्यक्ति दिने नेताहरूलाई प्रजातान्त्रिक मूल्य-मान्यतासँग कुनै सरोकार देखिँदैन । प्रजातन्त्रको मूल्य नागरिक सहभागितासँग जोडिएको हुन्छ । जनप्रतिनिधि को आएभन्दा पनि ती कसरी आए, जनप्रतिनिधि चुनिनुमा नागरिकको सहभागिता कस्तो थियो भन्ने सवाल महत्वपूर्ण हुन्छ । अहिले जसरी चुनावी तालमेल गर्न खोजिएको छ । त्यसले आफ्नो दलका प्रतिनिधिलाई चुन्ने नागरिक अधिकारको हनन गर्छ । किनभने उनीहरू अरुको दलको नभई आफ्नै दलभित्र नेतृत्व विकास गर्न चाहन्छन् । चुनावमा अर्को दलसँग प्रतिस्पर्धा गरेर प्रजातान्त्रिक अभ्यासमा उत्रिन चाहन्छन् । प्रजातन्त्रमा चुनावी प्रतिस्पर्धा निकै महत्वपूर्ण कुरा हो, जसबाट जनताले आफूले चाहेको नेतृत्व चुन्न पाउँछन् ।




स्थानीय निर्वाचनमा गरिएको गठबन्धनले आफूले नचाहेको दलको चुनाव चिन्हमा भोट हाल्नुपर्दा मानिसहरूमा निराशा छायो । कति ठाउँमा गठबन्धनका कारण पार्टीले उम्मेदवारी नदिए पनि मानिसहरूले आफूले समर्थन गरेका राजनीतिक दलको चुनाव चिन्हमा भोट हाले । यो मतदाताले गरेको विद्रोह थियो, तर उक्त मौन विद्रोहलाई दलहरूले वास्तै गरेनन् । स्थानीय निर्वाचनमा गरिएको गठबन्धनलाई लिएर विशेषगरी नेपाली कांग्रेसका कार्यकर्ताहरूमा व्यापक निराशा छाएको देखियो । माओवादीसँगको गठबन्धन कांग्रेस कार्यकर्ता र समर्थकहरूलाई असहज विगतमा पनि लागेको थियो र अहिले पनि लागेको देखिन्छ । कांग्रेस परिवारका धेरै सदस्यहरूले माओवादी आन्दोलनका बेला ज्यान गुमाएका छन् । जसले आफ्नो बाबुको ज्यान लियो, सन्तान या निकटवर्तीको ज्यान लियो उसैलाई भोट हाल्न हात कसरी अघि बढ्छ ? यसअघिको निर्वाचनमा डा. बाबुराम भट्टराईलाई भोट हालेर गोरखाबासीले के पाए ? उहाँ यसपटक माओवादी चिन्हबाट उठ्ने तरखरमा हुनुहुन्छ ।

कुनै पनि राजनीतिक दलका कार्यकर्ताले आफ्नो दलको चुनाव चिन्ह र आफूले चाहेको नेतालाई भोट हाल्न नपाउनु उनीहरू माथि गरिएको धोका हो । अर्को दलका उम्मेदवारलाई भोट हाल्न परेपछि आफ्नो दलमा चाहिँ नेतृत्व कसरी तयार हुन्छ ? चुनावी गठबन्धन कार्यकर्ताको लोकतान्त्रिक हक र भावना माथिको खेलबाड हो । विचारको राजनीति गर्नेहरूका लागि यो निकै गाह्रो कुरा हो । नेतृत्व लिनु भनेको धेरै सिट जित्नु मात्र होइन, पार्टीभित्रै थप नेतृत्व विकास गर्नु पनि हो । विचार मेल नखाने दललाई भोट हाल्न लाउनु नेतृत्वको सफलता होइन । अन्य दलको चुनाव चिन्हमा भोट हालेर आफ्नो दलको चिन्हको वकालत कसरी गर्ने ?

संसदीय निर्वाचनपछि सरकार निर्माण गर्दा गठबन्धन गरिनु स्वभाविक हुन्छ । हाम्रो संविधानले सरकार गठनका लागि यो प्रावधान खुल्ला राखेका कारणले मात्र नभई सबै दलका प्रतिनिधि मिलेर मुलुकमा राम्रो गर्नका लागि पनि यसले टेवा दिन्छ । तर, हामी कहाँ राम्रो गर्नेभन्दा पनि भागबण्डाका लागि गठबन्धन गर्ने गरिएको छ । लोकतन्त्रको सुन्दर पक्ष भनेको निर्वाचन हो । निर्वाचनको माध्यमबाट आफूले गरेको प्रतिबद्धता पूरा नगर्ने, जनभावना अनुसार नचल्ने वा आफ्नो देशको नीति/कानून नमान्ने पार्टी तथा उम्मेदवारलाई नागरिकले नचुन्न सक्छन् । तर, यहाँ त भागबण्डा गरेर आफ्नो दलका समर्थकहरूलाई विकल्प नै नदिने अवस्थाको सिर्जना गरिँदैछ ।

प्रजातान्त्रिक देशहरूमा सामान्यता चुनावी तालमेल हुँदैन, दलीय प्रतिस्पर्धा नै हुन्छ/हुनुपर्छ । गठबन्धनले दलिय प्रतिस्पर्धाको मर्म समाप्त गर्छ । त्यसमाथि विपरीत आस्था बोकेका दलहरूबीचको गठबन्धन झनै डरलाग्दो पक्ष हो । नेतृत्वमा रहेका मानिसहरू आफू हारिन्छ कि भन्ने डरले तालमेल गरेर आफ्नो पार्टीमा होइन यसमा भोट हाल भन्नु प्रजातान्त्रिक नभई निर्देशनात्मक अभ्यास हो, जसले दलका नेता, कार्यकर्ता र सर्वसाधारण नागरिकको अधिकार कुण्ठित गर्छ ।


राजनीतिक आस्था विपरीतको पार्टी र उम्मेदवारलाई भोट हाल्नुपर्ने बाध्यता यसैगरी सिर्जना गर्दै जाने हो भने राजनीतिक दल र प्रजातन्त्रप्रति नै नागरिकहरूको आस्था घट्छ । प्रजातन्त्र भनेको आफूले चाहेको राजनीतिक दलमा भोट हाल्न नपाउनु हो भन्ने अर्थ लाग्छ, लागीरहेको छ । जब अभ्यास नै त्यस्तो हुन्छ भने प्रजातन्त्रप्रतिको बुझाइ फरक पर्नु स्वभाविक हुन्छ । प्रजातन्त्रमा नागरिकहरूलाई नेतृत्वको दास बनाइँदैन, नेतृत्वलाई जवाफदेही बनाइन्छ । कुनै पनि मानिस राजनीतिक दलप्रति झुकाव किन राख्छ ? या राजनीतिमा किन आउँछ ? किनभने, ऊ कुनै दिन आफू नेतृत्वमा पुग्न चाहन्छ । त्यसका लागि आफ्नो आस्था अनुसारको दल रोज्छ, सदस्यता लिन्छ, राजनीतिक गतिविधिमा आफूलाई सहभागी गराउँछ । जब आफूले नेतृत्व लिनुपर्ने बेला आउँछ अनि त्यतिबेला आफू उठ्न त के भोट हाल्न पनि पाउँदैन भने उसले मेरो देशमा प्रजातन्त्र छ र म प्रजातान्त्रिक दलमा आस्था राख्ने मान्छे हुँ भन्ने कुराको महशुस कसरी गर्ने ?

अहिले जसरी पाँच वटा दलको गठबन्धन र अरु दलका पनि गठबन्धनका प्रयासहरू भइरहेका छन्, यसको एक मात्र उद्देश्य र गन्तब्य सत्ता प्राप्ति देखिएको छ । जब सिद्धान्त, आदर्श र विचारको राजनीति नभई सत्ता कै लागि मात्र राजनीति गरिन्छ भने विभिन्न नामका दल र चुनाव चिन्ह किन गर्नुपर्‍यो ? भोट हाल्न जनतालाई कन्फ्युज बनाउनुभन्दा एउटै पार्टी भई दिए सर्वसाधारणको जीवन सहज नभए पनि मतदान गर्न सहज हुने थियो ।

साथै हरेक दलबाट विगत लामो समयदेखि चुनाव लडिरहेको मानिसले मात्रै फेरि पनि चुनावमा टिकट पाउने हो भने नयाँ मानिसहरू कहिले आउने ? कहिले नेताहरू बुढा होलान् या उनीहरूको मृत्यु होला र मेरो पालो आउला भनेर पर्खिनुपर्ने अवस्थाको अन्त्य गर्नु पनि आवश्यक छ । अलि टाठोबाठो हुँदै सक्रिय राजनीति छोडेर आफूले चाहेको व्यक्तिगत जीवन बाँच्नेतिर लागे कम्तिमा जिन्दगीको अनुभव गर्ने अवसर मिल्ने थियो । कसैले म राजनीति गर्दिनँ भन्दाभन्दै देशको लागि तिमीले राजनीतिमा रहनैपर्छ भनेर अनुरोध गर्नुपर्ने नेताको परिकल्पना गर्न पाए हुन्थ्यो जस्तो पनि लागेको छ । जसरी अष्टबक्रले राजा जनकलाई गरेका थिए ।

राजा जनक 'प्रबुद्ध' (Enlightened) राजा थिए । बुद्धत्व प्राप्त गरेपछि राजा जनकले आफ्ना गुरु अष्टबक्रसँग अब म हजुरको कुटीमा बस्छु, जीवन फरक तरिकाले बाँच्छु, मलाई राजकाज केही चाहिँदैन भने । राजा जनकको कुरा सुनेपछि अष्टबक्रले 'तिमीलाई राजकाज चाहिँदैन म बुझ्छु, तिमी यहाँ खुशी हुन्छौ त्यो पनि थाहा छ, तर जनतालाई तिमी जस्तो निःस्वार्थी राजा चाहिएको छ, तिमी जाउ देश र जनताका लागि राजकाज चलाउ, जनताप्रतिको उत्तरदायित्वका अगाडि एउटा राजाले व्यक्तिगत इच्छा/आकांक्षालाई मार्न सक्नुपर्छ । आफ्नो कर्तव्य पूरा गर ।' हामी कहाँ अवस्था उल्टो छ । *घटना र विचार*

# बिर्तामोड : अझ सुन्दर र व्यवस्थित बनाऔं



**रामबाबु सुवेदी**



झापाको मुख्य व्यापारिक शहर मध्ये एक हो- बिर्तामोड । झापामा दमक र भद्रपुर पुराना शहर भए पनि बिर्तामोड गतिशील बन्दै अघि बढिरहेको छ । बिर्तामोड झापाको सबैभन्दा मध्य बिन्दुमा भएकाले पनि यहाँको चहलपहल बाक्लो र उत्साहजनक देख्न सकिन्छ । बिर्तामोडमा सबै प्रकारको व्यापार-व्यवसाय, बैंक तथा वित्तीय संस्था, कल कारखाना, पाँच तारे होटल, अटोमोबाइल्स तथा शोरुम, मल्टिप्लेक्स सिनेमा हल आदि बिस्तारै स्थापित हुँदै गइरहेको छ ।

बिर्तामोडमा बढ्दो मानिसको जनघनत्वले यो अझ बढ्दै गएको शहरको संकेत हो । सबै तर्फ घरहरु बढिरहेका छन् । घर-जग्गा व्यवसाय पनि निकै फस्टाएको छ । स्कूल, कल-कारखाना, अस्पताल आदिको घनत्वले शहर अति आवश्यक पूर्वाधारमा निकै अगाडि बढिरहेको महशुस गर्न सकिन्छ । बढ्दै गएको जनसंख्यामा पनि नेपाल प्रहरीको उच्च सतर्कता र सुरक्षाको प्रत्याभूतिले बिर्तामोड कम जोखिम शहर हो भन्न दुईमत छैन । नेपाल प्रहरी एवम् सशस्त्र प्रहरी शान्ति सेवा कायम राख्न हरप्रहर सेवामा उपस्थित रहेर अपराध नियन्त्रणमा मुख्य जिम्मेवारी निभाइरहेका छन् ।

बिर्तामोडबाट १७ किलोमिटर पूर्वमा नेपालको पूर्वी सिमाना रहेको मेची नदी रहेको छ । साथै पाँच किलोमिटर उत्तरमा अर्जुनधारा धामले हाम्रो धार्मिक स्थलको नजिकै रहेको स्पष्ट प्रमाण दिएको छ । केही समय अघिसम्म पूर्वमा रहेको नेपालको सबैभन्दा होचो स्थान केचनकवल वा केचना-बिर्तामोडबाट करिब २० किलोमिटर दक्षिणमा अवस्थित छ । यहाँबाट पश्चिमतर्फ जाँदा ३८ किलोमिटर पर अर्को जिल्ला मोरङ्ग पुगिन्छ । बिर्तामोडमा व्यवसायीहरु मात्र नभएर विभिन्न संघ-संस्थाको केन्द्रबिन्दु रहेको छ । लायन्स क्लव, रोटेरी क्लव, नेपाल जेसीज, रोट्रयाक क्लव लगायत दर्जनौं संघ-संस्थाले बिर्तामोडको सामाजिक दायित्व अन्तर्गत विभिन्न क्षेत्र अन्तर्गत काम गरिरहेका छन् । बिर्तामोडमा कुनै चेतनामूलक कार्यक्रम गर्नुपर्दा यिनै संघ-संस्था विभिन्न कार्यक्रम र सहभागिताका साथ अगाडि आउने गरेका छन् ।

बिर्तामोड काठमाडौंपछि नेपालको सबैभन्दा दोस्रो ठूलो रगत संकलन केन्द्र हो भन्दा फरक पर्दैन । विभिन्न संस्थाहरुले पटक-पटक जनचेतना अभिवृद्धी गर्न र सामाजिक दायित्व अन्तर्गत कार्य गर्न यहाँ समय-समयमा रगत दान गर्न प्रेरित गर्दै ब्लड बैंकको स्थापनासहित रगत संकलनमा टेवा पुर्‍याइरहेका छन् । यहाँ संकलन गरिएका रगतको माग पश्चिम नेपालसम्म पुर्‍याउने गरिन्छ । यसले प्रत्यक्ष-अप्रत्यक्ष धेरैलाई सेवा पुगेको छ ।

बिर्तामोडमा यी सबै सुविधा हुँदाहुँदै नगरलाई केही क्षेत्रमा बेवास्ता गरेको पाउन सकिन्छ । बिर्तामोड आफैंमा सुन्दर थियो । तर, अहिले आएर सडक फराकिलो बनाउँदा मुख्य राजमार्गका रुखहरु काटिएका छन् । विश्रामस्थल वा भनौ चौतारीको अभाव देख्न सकिन्छ बिर्तामोडमा । गर्मी महिनामा होस वा बर्षातमा ओत लाग्ने वा छहारी पाउने स्थान छैन बिर्तामोडमा ।

बिर्तामोड सुन्दर, शिक्षित र चेतनशील समूहको बसाई भए पनि यहाँ सबैभन्दा चुनौति एउटा पनि सार्वजनिक शौचालय नहुनु हो । बजारमा लाग्ने भीडलाई सेवा पुर्‍याउन नसक्नु नगरको कमजोर पक्ष मध्ये एक देखिन्छ । यहाँ किनमेल गर्न आउने हरेक व्यक्ति कि त नास्ता खाने निहुँमा होटल छिरेर शौचालय जान्छन् वा अस्पताल, बैंक छिरेर विकल्प सोच्दछन् । अन्यथा सार्वजनिक शौचालयको सुविधाबाट आशा मारेर घर फर्कन्छन् । नगरपालिकाले यता ध्यान पुर्‍याउने कि ?

त्यस्तै अर्को समस्या रहेको छ बढ्दै गएको ट्राफिक जाम । बिर्तामोड ट्राफिकको दृष्टिकोणले संवेदनशील बन्दै गएको छ । ट्राफिक कार्यालयले चुस्त-दुरुस्त व्यवस्थापन गरे पनि बढ्दो घनत्व र सवारीसाधनले बिर्तामोडमा ट्राफिक जाम आजकल धेरै हुने गरेको पाइन्छ । वैकल्पिक बाटोको व्यवस्थापन वा फराकिलो सडक बनाएर लेन अनुशासनले मात्र ट्राफिक जाम नियन्त्रणमा आउने देखिन्छ । यति सानो सडकमा ट्राफिक पुलिसको नियमित सेवा-सुविधाले बिर्तामोडमा ठूलो ट्राफिक समस्या आइपरेको छैन ।

बिर्तामोडमा सबैभन्दा ठूलो आवश्यकता भनेको फोहर व्यवस्थापनको रहेको छ । नगरपालिकाले केही समयअघि फोहोर व्यवस्थापन निराकार कम्पनीलाई दिए पनि डम्पिङ्ग साइटको अभावमा कम्पनी समय-समयमा फोहर व्यवस्थापनमा चुकिरहेको छ । सडक किनारमा जथाभावी फोहर थुपारिनुले नयाँ-नयाँ आगन्तुकको मानसपटलमा बिर्तामोड फोहोरी शहरको रुपमा बस्ने सम्भावना प्रचुर छ । फोहर व्यवस्थापन आजको सबैभन्दा ठूलो समस्या र चुनौति रहेको छ । बिर्तामोड नगरपालिकाले यस बिषयमा उच्च ध्यान पुर्‍याउन जरुरी छ ।

यी हुन मैले देखेको बिर्तामोड । म जस्ता धेरैले देखेको बिर्तामोड अधिकांशको यही जस्तो हुन सक्छ । बिर्तामोड हाम्रो हो । हामी बिर्तामोडका हौ । बिर्तामोड जति बिकसित भयो त्यति राम्रो । बिर्तामोड जति व्यवस्थित भयो त्यति राम्रो । बिर्तामोडलाई सुन्दर पार्ने हामी सबैको कर्तव्य हो । बिर्तामोडमा भौतिक सबै प्रकारका सुबिधा हुँदाहुँदै पनि सडकका खाल्डाखुल्डी पुर्नु, ट्राफिक जाममा नियन्त्रण र कार्य तर्जुमा गर्नु, खुल्ला दिसा-पिसाब स्थल निरुत्साहित गर्दै सार्वजनिक शौचालय निर्माणमा ध्यान दिनु, फोहरको उचित व्यवस्थापन गर्नु आजको आवश्यकता रहेको छ । यदि यी क्षेत्रमा पनि ध्यान दिएर कार्यसम्पन्न गर्ने हो भने बिर्तामोड अझ सुन्दर र सफल शहरहरु मध्ये सर्वोत्कृष्ट हुनेछ । बिर्तामोड हाम्रो हो । यसलाई अझ राम्रो पार्नु हाम्रो कर्तव्य हो ।



**षडानन्दको शालिक** : भोजपुर षडानन्द नगरपालिकाको दिङ्ला बजारमा रहेको आबाल ब्रह्मचारी षडानन्द अधिकारीको शालिक र षडानन्द सीताराम गुठी । षडानन्दले नेपालकै पहिलो संस्कृत पाठशाला सञ्चालनको लागि स्थापना गरेको षडानन्द सीताराम गुठीको संरक्षण थालिएको छ । वि.सं. २०७२ सालको बिनाशकारी भूकम्पले यहाँका धेरै संरचनाहरुमा क्षति पुर्‍याएको छ । यहाँ बेद विद्याश्रम अन्तर्गत कर्मकाण्डका भागवत पुराण, चण्डी पाठ र अतिरिक्त विषयमा संस्कृत पठनपाठन हुने गरेको छ । *तस्वीर : रासस*

# झापाका पालिकालाई फोहर व्यवस्थापनमा सकस

□ लक्ष्मी उप्रेती



**झापा, भदौ १।** झापाका अधिकांश स्थानीय तहले फोहर व्यवस्थापन नगर्दा समस्या बढ्दै गएको छ । फोहर व्यवस्थापन गर्न विभिन्न योजना अघि सारे पनि फोहर व्यवस्थापन गर्ने दिर्घकालीन योजना नहुँदा स्थानीय तहलाई फोहर व्यवस्थापन चुनौति बन्दै गएको छ ।

यसको दिर्घकालीन समाधान खोज्न अहिले झापाका स्थानीय पालिका प्रमुख, उपप्रमुख एक ठाउँमा उभिन थालेका छन् । यसै क्रममा मेचीनगर, बिर्तामोड, अर्जुनधारा र कन्काई नगरपालिकाका प्रमुख र उपप्रमुखहरुबीच छलफल भएको छ । फोहर व्यवस्थापन सबैको टाउको दुखाइको विषय बनिरहेको समयमा प्रमुख, उपप्रमुखहरुले बजारबाट संकलन हुने फोहरबाट मोहोर बनाउन सकिने सामुहिक निष्कर्ष निकाले छन् ।

कन्काई नगरपालिका-२ मा अवस्थित कन्काई बिर्ता अर्जुन नविकरणीय वैकल्पिक ऊर्जा तथा फोहरमैला व्यवस्थापन कम्पनीको सभाकक्षमा भएको छलफलमा गल्ने फोहरबाट ग्याँस उत्पादन गर्न सकिने र देशका विभिन्न भागमा गल्ने फोहोरबाट ग्याँस उत्पादन गर्ने काम धमाधम भइरहेको समेत उदारहण प्रस्तुत गरेका थिए ।

छलफलमा कन्काई नगरपालिका-२ मा अवस्थित कन्काई बिर्ता अर्जुन नविकरणीय वैकल्पिक ऊर्जा तथा फोहरमैला व्यवस्थापन कम्पनीको निर्माण कार्य अन्तिम चरणमा पुगेको र अब केही महिनाभित्र सञ्चालनमा आउने कन्काई नगरपालिका प्रमुख राजेन्द्रप्रसाद पोखरेलले जानकारी गराए । उनले छिमेकी पालिकाहरूसँग मिलेर संयुक्त फोहर प्रशोधन केन्द्र निर्माण गर्ने योजना अघि सारिएको भन्दै मेचीनगर र भद्रपुर नगरपालिकालाई समेत यो आयोजनामा लगानी गर्न प्रस्ताव गरे । अहिले झापाका अधिकांश पालिकाहरुले राजमार्ग तथा खोला, नदीका छेउमा अस्थायीरूपमा फोहर व्यवस्थापन गर्ने काम भइरहेको पाइएको छ ।

'नदी र जंगलको बीचमा फोहर फालेर यो समस्याको दिगो समाधान हुँदैन' -मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकीले भने- 'जबसम्म स्थानीयलाई फोहरमा मोहोर छ भन्ने बुझाउन सकिँदैन, स्थानीयमा आफै स्वत:स्फूर्तरुपमा चेतना आउँदैन, तबसम्म यो समस्या चुनौतिपूर्ण भइरहन्छ ।'

नकुहिनेखालको प्लाष्टिक र सिसा भएका वस्तु वर्गीकरण गर्नुपर्नेमा जोड दिँदै मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीले स्थानीय सरकारले कुहिने र नकुहिने गरी छुट्याउने बानी स्थानीयमा बसाल्न सकेमात्रै पनि आधाभन्दा बढी फोहर घरमै व्यवस्थापन हुने बताइन् ।

फोहरलाई आर्थिक उत्पादनसँग जोड्न सकिने र कन्काई बिर्ता अर्जुन नविकरणीय वैकल्पिक ऊर्जा तथा फोहरमैला व्यवस्थापन कम्पनीबाट अबको केही समयमै ग्यास उत्पादनको काम शुरु हुन कन्काई नगर प्रमुख पोखरेलको भनाइ छ ।

जथाभावी वा सार्वजनिक स्थलमा फोहर फयाक्नेलाई दण्ड, जरिवाना र फोहरको वर्गीकरण गरेर राखेमात्र सम्बन्धित पालिकाको फोहोर संकलन गर्ने सवारीसाधनले फोहोर उठाउने गरे पनि यो समस्या थोरै समाधान हुने बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतारा प्रसाईको भनाइ छ ।

नेपालका अन्य शहरले फोहरलाई मोहरमा परिणत गरेर आम्दानी गर्न थालिसकेका छन् । अहिले फोहर व्यवस्थापन गर्ने उपायबारे सबै पालिकामा छलफल भइरहेको बताइएको छ । बढ्दो जनघनत्व र तीव्र शहरीकरणले गर्दा फोहर बढिरहेको कन्काई बिर्ता अर्जुन नविकरणीय वैकल्पिक ऊर्जा तथा फोहरमैला व्यवस्थापन कम्पनीका सञ्चालक सोमनाथ उप्रेतीको भनाइ छ । फोहर व्यवस्थापनको काम निकै जटिल बनेको भन्दै उप्रेतीले १८ करोड रुपैयाँ लगानी भइसकेको यो आयोजनामा संयुक्त लगानी गरेर जिल्लाका सबै पालिकाहरु फोहर प्रशोधन केन्द्र बनाउने योजनातर्फ लाग्न समेत जोड दिए ।

ऊर्जाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । दुईदेखि तीन महिनाभित्रमा ऊर्जा सञ्चालनमा आउने कम्पनीका प्रबन्ध निर्देशक दीपक चापागाईले जानकारी दिए । कम्पनीलाई विश्व बैंकको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नेपालको पाँच करोड ४८ लाख सहयोग रहेको छ । त्यस्तै कन्काई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाले ५०/५० लाख लगानी गरेका छन् । १८ करोड रुपैयाँको लागतमा निर्माण हुने सो परियोजना निर्माणका लागि कम्पनीले ५७ कट्ठा जग्गा खरिद गरेको छ भने ५४ लाख रुपैयाँको लागतमा सन्का खोलामा बाँध बाँधेको छ ।

तीन वटै नगरपालिकाको कुहिएर जाने फोहरमैला संकलन गरी कुखुराको सुली र गाईवस्तुको मलमुत्र, मकैका ढोडलाई कच्चापदार्थको रुपमा प्रयोग गरी दैनिक १० टन झोल र ठोस मल उत्पादन गरी नगरमा अर्ग्यानिक खेतीतर्फ प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ ।

## वडा कार्यालय परिसरमा वृक्षरोपण



**पथरीशनिश्चरे, भदौ १।** पथरीशनिश्चरे-२ को वडा कार्यालय परिसरमा वृक्षरोपण गरिएको छ ।

वृक्षरोपणको नगरका प्रमुख मोहनप्रसाद तुम्वापोले उद्घाटन गरेका थिए । वडा कार्यालयद्वारा आयोजित कार्यक्रममा नगरप्रमुख तुम्वापोले स्वामीको बिरूवा रोपेर वृक्षरोपण कार्यक्रमको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा अशोक, खोप, लिची, रूद्राक्ष, वेल लगायत विभिन्न प्रजातिका बिरूवाहरू तथा मखमली, सयपत्री, पारीजात, फूलहरू छ सयभन्दा बढी बिरूवाहरू रोपेका थिए । वडाध्यक्ष नैनसिंह राई, वर्तमान वडा सदस्यहरु तथा पूर्व जनप्रतिनिधिहरुसहित सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको थियो ।

कार्यक्रम समापनका अवसरमा वडाध्यक्ष राईले २ नम्बर वडालाई वातावरणमैत्री बनाउने अभिप्रायले वडाभित्र पर्ने बालबालिका खोप केन्द्र, कन्दरा युवा क्लव, बुद्ध-शान्ति मार्ग लगायतका विभिन्न क्षेत्रमा निरन्तर रुपमा सञ्चालन गर्दै जाने बताए । उक्त वृक्षरोपण अभियान सफल तुल्याएको भन्दै यस्तै उत्साहजनक सहभागिता जनाइ दिन सम्पूर्ण वडावासीहरूमा अनुरोध पनि गरेका छन् ।

## तीन हजार मुद्दा फछ्र्यौट

**विराटनगर, भदौ १।** उच्च अदालत विराटनगरले गएको एक वर्षमा तीन हजार २४ मुद्दा फछ्र्यौट गरेको छ । सो अवधिमा अदालतले ६४.० छ प्रतिशत प्रगति हासिल गरेको छ ।

गत वर्ष अदालतमा जिम्मेवारी सरेर एक हजार पाँच सय ५३ र नयाँ तीन हजार चार सय ४९ मुद्दा दर्ता भएका थिए । अदालतले वार्षिक तीन हजार एक सय १४ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकामा ९० थान मुद्दा कम फछ्र्यौट भएको उच्च अदालतका रजिष्ट्रार जीतेन्द्रबाबु थपलियाले जानकारी दिए । अदालतले सरल आठ सय २६, सामान्य एक हजार पाँच सय ८५, विशेष एक र मार्ग समूहमा नपर्ने ४२ थान मुद्दा फछ्र्यौट गरेको छ । कूल लगतको एक हजार नौ सय ७८ फछ्र्यौट हुन बाँकी रहेको अदालतमा दुई सय ६२ थान मुद्दा मूलतवी रहेको उनले बताए ।

अदालतमा कामु मुख्य न्यायाधीश सत्यमोहन जोशी थारुले तीन सय ९८, दिनेशप्रसाद यादवले एक सय ४५, कृष्णकमल अधिकारीले पाँच सय ६९, रामबहादुर थापाले एक सय सात, राजनप्रसाद भट्टराईले पाँच सय ६१, मुरारीबाबु श्रेष्ठले छ सय ३५, मिलनकुमार राईले छ सय ७२, किरणकुमारी गुप्ताले पाँच सय ६२, जगतनारायण प्रधानले चार सय ६७, तिलप्रसाद श्रेष्ठले सात सय ३२, प्रेमराज ढकालले तीन सय ६६, यमुना भट्टराईले तीन सय ८८ र तेजनरायण सिंह राईले चार सय २२ थान मुद्दा फछ्र्यौट गरेका छन् ।

चालू आर्थिक वर्षमा तीन हजार तीन सय ३६ थान मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएको अदालतले सो अवधिमा जिम्मेवारी सरेर आएका एक हजार नौ सय ७८ मा नयाँ तीन हजार तीन सय १६ मुद्दा दर्ता हुने र चालू आर्थिक वर्षको साउन महिनामा एक सय ८६ थान मुद्दा फछ्र्यौट भएको रजिष्ट्रार थपलियाले जानकारी दिए ।


हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई
सम्पर्क: 9808705206 9863983668 9807930740 9827930240
झट्ट फोन झट्ट सेवा

सीपमूलक शिक्षा आजको आवश्यकता

CTEVT बाट सम्बन्धन प्राप्त यस मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड न.पा.-२ चारपाने झापामा शैक्षिक सत्र २०७९/८० मा प्राविधिक विषयतर्फ Diploma In Civil Engineering र Diploma in Civil Engineering [Specialized in Hydropower] मा भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।
हाम्रा विषेशताहरु
- पूर्ण नि:शुल्क छात्रवृत्ति प्रति कार्यक्रम- ५ जना (प्राविधिक विषयतर्फ)
- अत्यन्त न्यून शुल्कमा अनुभवी शिक्षकद्वारा गुणस्तरीय शिक्षा प्रदान गरिने ।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला रहेको ।
- पूर्ण व्यवस्थित पर्याप्त पाठ्यपुस्तकसहितको पुस्तकालय रहेको ।
- विगतका वर्षहरुमा उत्कृष्ट नजिता ल्याउन सफल ।
- विद्यार्थी केन्द्रित शिक्षण सिकाई गराइने ।
- पूर्वपश्चिम राजमार्गसँगै जोडिएको ।
प्राविधिक विषयतर्फ आवेदन फारम खुल्ला भएकोले धमाधम फारम भर्ने कार्य भइरहेको छ ।
फारम पाइने र बुझाउने स्थान :- CTEVT को वेभसाईट WWW.CTEVT.ORG.NP बाट डाउनलोड गरी वा विद्यालयबाट लिइ रीतपूर्वक भरी विद्यालयमा बुझाउनुपर्नेछ ।
फारम वितरण धमाधम भइरहेको छ ।
फारम बुझाउने अन्तिम मिति :- २०७९ भाद्र ०९ गतेसम्म
प्रवेश परीक्षा (Entrance exam): २०७९ भाद्र १७ गते ३:०० बजेदेखि
सञ्चालित कार्यक्रमहरु
Diploma In Civil Engineering - ४८ सिट
Diploma in Civil Engineering [Specialized in Hydropower] - ४८ सिट
थप जानकारीका लागि
मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड-२, चारपाने
०२३-५४३६५२ (कार्यालय), ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८२४०२९६२८


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५ ९८०६०१०४१० ९८४२६३४६२७ ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी 023-545402 9825952677 9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।
सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५ ९८२४९९०४६२, ९७४५२६०८२५

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक
नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट नि:शुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आजको दिन आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुर्‍याउनुहोला, आजको तपाईको धार्मिक गतिविधि बढेर जानेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मनमा खटपटी पैदा हुनेछ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुर्‍याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आज तपाईको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ भने आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, आजको दिन मन प्रफुल्ल रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।